# श्री भ्काक्रिढुङ्गा सामुदायिक वन उपभेक्ता समुह

## तुलसीपुर उपमहानगरपालिका वडा नं. १३ दाङ

## काठ/दाउरा लिलाम सम्बन्धी सुचना ।

**दोस्रो पटका प्रकाशित मिति - २०८१/०४/२९ (गोरक्ष राष्ट्रिय दैनिक)**

यस सामुदायिक वनको स्वीकृत वन कार्ययोजना अनुसार डिभिजन बन कार्यालय दाङ घोराही बाट संकलन सहमती लिई संकलन गरेको खयर काठ तुलसीपुर उ.म.न.पा.वडा नं. १३ रनियापुर भन्ने स्थानको घाटगद्दीमा रहेका निम्न परिमाणको खयर जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ । काठ/दाउराको कारोबार गर्ने उदेश्यले स्थायी लेखा नम्बर (PAN) र मुल्यअभिवृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ सौ दिन दाखिला गर्न आह्वान गरिन्छ ।

**लिलाम हुने बन पैदावारको बिबरण**

| सि.न. | जात | ग्रेड | गो.थान | परिमाण घन फिट | न्युनतम दर रेट प्रति घन फिट | काठ कटान मुछान खर्च प्रति घ.फि. रु १२० |
|---|---|---|---|---|---|---|
| १ | खयर | – | १६३ | १०४.८४ | १०००।-(स्यापउड सहित) | |
| | जम्मा | | १६३ | १०४.८४ | | |

१. वोलमत्र खरिद गर्ने अन्तिम मिति र समय २०८१ ०५ ११ गते कार्यालय समय भित्र । (विदा परे सो को भोलि पल्ट)

२. वोलमत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८१ ०५ १२ गते कार्यालय समय भित्र । (विदा परे सो को भोलि पल्ट)

३. वोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु -

**(क) भ्काक्रिढुङगा सा.व.उ.स.को कार्यालय । (ख) डिभिजन बन कार्यालय घोराही दाङ ।**

४. वोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस सामुदायिक बनको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय तुलसीपुरमा रहेको खाता नं. ४१६०१००२००१२३००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ ।

५. प्रति वोलपत्र वापत रु १०००।- (पछि फिर्ता नहुने) लाग्ने छ र सो रकम पनि उपरोक्त बैक खातामा जम्मा गरेको भौचर पेश गरे छि, मात्र पाइने छ ।

६. लिलाम हुने वन पैदावार तुलसीपुर उ.म.न.पा.वडा न. १३ रनियापुरको घाटगद्दीमा स्थलगत रुपमा हेर्न सकिने छ ।

७. रितपुर्वक र न्युनतम सख्याको वोलपत्र पेश भएमा मिति २०८१ ०५ १३ गते विहान १० बजे समितिका पदाधिकारी, वन कर्मचारी, खरिदकार्ता प्रतिनिधि (उपस्थित भए पनि नभए पनि) र अन्य व्यक्तिहरुको रोहवरमा समुहको **कार्यालयमा खोलिने** छ

८. लिलाममा भाग लिन चाहने ब्यक्ति वा फर्मले नागरिकता, कर चुक्ताको प्रमाण पत्र, उद्योग दर्ता, मुल्य अभिबृद्धि कर (VAT) मा दर्ता को प्रमाण पत्र, र स्थायी लेखा नम्वर(PAN) र **डिभिजन बन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको** को प्रतिलिपिहरु वोलपत्र साथ पेश गर्नु पर्ने छ ।

९. सकार रकम अंक र अक्षरमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक पाईएमा अक्षरलाई मान्यता दिईने छ ।

१०. वोलपत्र सदर वा वदर गर्ने अधिकार यस सामुदायिक बन उपभोक्ता समुहलाई निहित रहने छ ।

११. लिलाम स्वीकृत भएको जानाकारी पाएको १० (दश) दिन भित्र सकार गरेको मुल्य, मु.अ.कर र नियमानुसार लाग्ने अन्य कर र कटान मुछान खर्च बुझाई लिलाम भएको वन पैदावार तोकिएको समयभित्र प्रकिया पुरा गरी लैजानु पर्ने छ ।

१२. थप जानाकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।

१३. अन्य कुराहरु प्रचलित कानुन वमोजिम हुने छ ।